१६. ऋण सम्बन्धी व्यवस्थाः यो ऋणको व्यवस्था र तत्सम्बन्धी सबै कारवाई नेपाल राष्ट्र बैङ्क राष्ट्र ऋण विभागले गर्नेछ ।

१७. ऋणपत्र खरीद गर्ने अधिकारः यस ऋणको ऋणपत्रहरू खरीद गर्ने अधिकार जुनसुकै व्यक्तिलाई पनि हुनेछ ।

१८. कर नलाग्ने: यो ऋणबाट प्राप्त व्याजमा आयकर छूट दिइएको छ ।

१९. ऋण सम्बन्धी कानूनी कारवाई: यो ऋण सम्बन्धी कानूनी कारवाई प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

आज्ञाले–
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको का. मु. सचिव

## श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना

श्री ५ को सरकारले राष्ट्र ऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राष्ट्र ऋण नियमहरू, २०२० को नियम ४ को उप-नियम (१) बमोजिम राष्ट्र ऋण उठाउन ऋणपत्र निष्कासित गर्न यो सूचना प्रकाशित गरेको छ ।

सो ऋणपत्रको जम्मा मूल्य, भुक्तानी अवधि, व्याजको दर, व्याज भुक्तानी समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ ।

१. ऋणको नामः यस ऋणको नाम "विकास ऋण २०४७" रहेको छ ।

२. ऋणको उद्देश्यः बिभिन्न विकास योजनाहरूलाई चाहिने खर्च पूर्ति गर्नको लागि यो ऋण उठाइएको छ ।

३. निष्कासित ऋणको रकमः यो ऋणको जम्मा रकम रू. १०,००,००,०००।– (रू. दश करोड) मात्रको हुनेछ ।

४. ऋणको व्ययभारः यो ऋणको व्ययभार श्री ५ को सरकारको संचित कोषप्रति हुनेछ ।

५. ऋणपत्रको प्रकारः यो ऋणको ऋणपत्र कम्तीमा रू. २५।– वा २५।– को गुणनफल (Multiple) ले भाग गर्दा निःशेष हुने अंकको स्टक वा २५।–, ५०।–, १००।–, १,०००।–, १०,०००।– वा १,००,०००।– दरको प्रमिसरी नोटको रूपमा लिन पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. ऋणपत्रको बिक्री अवधिः यी ऋणपत्रहरूको बिक्री अवधि २०३८ साल आषाढ १४ गतेदेखि ऐ २८ गतेसम्मको हुनेछ तर आवश्यक देखिएमा सो समय अगावै पनि बिक्री बन्द गर्न सकिनेछ ।

७. ऋणपत्रको बिक्री मूल्यः ऋणपत्रमा उल्लेख गरेबमोजिम पूरापुर मूल्यमा ऋण-पत्रहरू बिक्री हुनेछ ।

८. ऋणपत्र खरीद गर्न दरखास्त दिनु पर्नेः (१) ऋणपत्र खरीद गर्नको लागि नेपाल राष्ट्र बैंङ्कले तोकिदिएको ढाँचामा राष्ट्र बैंङ्क वा त्यसको एजेन्ट सरह भै काम गर्ने अन्य कार्यालयमा दरखास्त दिन सकिनेछ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त दिंदा जतिको ऋणपत्र खरीद गर्न चाहेको छ त्यसको पूरा रकम सो कार्यालयमा बुझाई त्यसको रसीद दरखास्त साथै पेश गर्नु पर्नेछ ।

(३) दरखास्त फाराम निःशुल्क पाइनेछ ।

९. बढी रकम स्वीकार गर्ने नगर्ने अधिकारः चाहिएको भन्दा बढी ऋण प्राप्त भएमा त्यसलाई स्वीकार गर्ने नगर्ने अधिकार श्री ५ को सरकारको हुनेछ ।

१०. बाँडफाँड गर्ने अधिकारः प्राप्त ऋणपत्रहरूको बाँडफाँड गर्ने अधिकार राष्ट्र बैंङ्क-लाई प्रदान गरिएको छ ।

११. स्वीकृत नभएको ऋण फिर्ता हुनेः स्वीकृत नभएको रकम नेपाल राष्ट्र बैंङ्कबाट यथाशीघ्र दरखास्तवालालाई फिर्ता दिइनेछ । यसरी फिर्ता भएको रकममा व्याज दिईने छैन ।

१२. स्वीकृत ऋणको प्रमाणपत्र दिनेः स्वीकृत भएको ऋणको प्रमाणपत्र स्टक सर्टिफिकेट वा प्रमिसरी नोटको रूपमा दरखास्तवालाको माग अनुसार दिईनेछ । दरखास्तवालाले यो कुरा उल्लेख नगरेमा ऋणपत्र स्टककै रूपमा दिईनेछ ।

१३. ऋणको व्याजः ऋणको व्याज राष्ट्र बैंङ्क वा सो बैंङ्कका एजेन्ट सरह भै काम गर्ने अन्य कार्यालयहरूबाट रकम बुझेर लिएको मितिदेखि नै वार्षिक सयकडा १० का दरले दिइनेछ ।

१४. ऋणको साँवाको भुक्तानीः यो ऋणको साँवाको भुक्तानी २०४६ साल आषाढ २८ गतेपछि दिईनेछ ।

१५. ऋणको भुक्तानी दिने ठाउँः यो ऋणको सांवा र व्याज दरखास्तवालाको सुविधा अनुसार राष्ट्र बैंङ्क वा त्यसको एजेन्टमार्फत भुक्तानी दिईनेछ ।

१६. ऋणसम्बन्धी व्यवस्थाः यो ऋणको व्यवस्था र तत्सम्बन्धी सबै कारवाई नेपाल राष्ट्र बैंङ्क राष्ट्र ऋण विभागले गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. ऋणपत्र खरीद गर्ने अधिकार: यस ऋणको ऋणपत्रहरू खरीद गर्ने अधिकार जुनसुकै व्यक्तिलाई पनि हुनेछ ।

१८. कर नलाग्ने: यो ऋणबाट प्राप्त व्याजमा आयकर छूट दिईएको छ ।

१९. ऋणसम्बन्धी कानूनी कारवाई: यो ऋणसम्बन्धी कानूनी कारवाई प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

आज्ञाले–
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।